स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानको प्रतिक्षित वार ड्रामा चलचित्र 'ब्याटल अफ गलवान' को नाम परिवर्तन गरिएको छ। निर्माण पक्षले चलचित्रको नाम फेरेर अब 'मातृभूमिः मे वार रेस्ट इन पिस' राखेको छ। चलचित्रका निर्देशक अपूर्व लाखियाले शीर्षक परिवर्तनको निर्णय हचुवामा नगरिएको स्पष्ट पारेका छन्। नयाँ नामले चलचित्रको बृहत्तर भावना र सन्देशलाई अझ राम्रोसँग प्रतिनिधित्व गर्ने दाबी गरे।

आजको विचार...



एक्लै...
(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल



निर्वाचनअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन आयोगमा समानुपातिक उम्मेदवारको बन्द सूची बुझाउँदा कलाकारहरूलाई पनि उल्लेख्य रुपमा समेटेको थियो। त्यसमा प्रकाश सपूतदेखि रिमा विश्वकर्मासम्म परेका थिए। तर, रास्वपाले समानुपातिकतर्फ अत्याधिक मत ल्याउँदा पनि प्रकाश भने सांसद बन्न चुकेका छन्। उनी दलित क्लस्टरतर्फ दोस्रो नम्बरमा थिए। सोमबार निर्वाचन आयोगले सार्वजनिक गरेको समानुपातिकतर्फका निर्वाचित सांसदहरूको सूचीमा प्रकाश परेका छैनन्।

❐ वर्ष ३१ ❐ अंक २२९ ❐ २०८२ चैत ४ गते बुधबार 18 March 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### नाइजेरियामा भएको आक्रमणमा २३ को मृत्यु

(रासस/एएफपी)

**नाइजेरिया,** चैत ३/उत्तरपूर्वी नाइजेरियामा भएको आत्मघाती आक्रमणमा कम्तिमा २३ जनाको मृत्यु हुनुका साथै एक सय भन्दा बढी घाइते भएको प्रहरीले मंगलबार जनाएको छ । यस अघि सैन्य केन्द्रमा भएको आक्रमण र डिसेम्बरमा मस्जिदमा भएको बम विष्फोट र आक्रमणहरूले सहर अशान्त बनेको छ भने नाइजेरियाको लामो समयदेखि चलिरहेको विद्रोह ग्रामीण भित्री इलाकामा धकेलिएपछि समस्या झनै बढेको छ । बोको हराम र प्रतिद्वन्द्वी जिहादी समूह इस्लामिक स्टेटले वेस्ट अफ्रिका प्रोभिन्स (आइएसडब्लुएपी) का लडाकुहरूले हालै उत्तरपूर्वी नाइजेरियामा आक्रमण बढाएको जनाइएको छ । उनीहरूको १६ वर्ष देखिको यो अभियानले ४० हजार भन्दा बढी मानिसहरूको ज्यान लिएको छ भने करिब २० लाख विस्थापित भएका छन् । प्रहरी प्रवक्ता नाहुम केनेथ दासोले प्रारम्भिक अनुसन्धानले घटना संदिग्धहरूले गरेको खुलासा गरेको उल्लेख गरेको भन्दै विज्ञप्ति जारी गर्दै प्रहरीले घटनाको पुष्टि गरेको छ । एक जिहादी विरोधी सदस्यलाई उदृत गर्दै एएफपीले विस्फोटबाट मृत्यु हुनेहरूको सङ्ख्या ३१ पुगेको हुन सक्ने बताएको छ । आक्रमणकारीहरूले सहरको मुख्य बजार, मैदुगुरी विश्वविद्यालय शिक्षण अस्पतालको गेट र हुलाक कार्यालय फ्लाइओभर वरपरको क्षेत्रमा आक्रमण गरेको जनाइएको छ ।

## निर्वाचनमा एमालेको 'पराजय पीडा'

# तानसेन नगर र सबै वडा कमिटी विघटन

कृष्ण पोखरेल

**पाल्पा,** फागुन ३/ नेपालको राजनीतिक इतिहासमा ठूला दलहरूको उतार-चढाव स्वाभाविक मानिन्छ । तर गत फागुन २१ मा सम्पन्न आम निर्वाचनले नेकपा एमालेका लागि निकै चुनौतीपूर्ण सन्देश दिएको छ । लामो समयदेखि सशक्त संगठन र जनाधार भएको दाबी गर्दै आएको यो पार्टीले यस निर्वाचनमा अपेक्षाभन्दा निकै कमजोर परिणाम भोग्नुपर्‍यो । एमालेका तल्लो तहका नेताहरुले यस हारलाई केवल चुनावी गणितको असफलता मात्र नभई नेतृत्व, संगठन र राजनीतिक दृष्टिकोणको समग्र पुनरावलोकन आवश्यक भएको संकेतका रूपमा लिन थालेका छन् ।

एमालेले तानसेनमा निर्वाचनको समिक्षा गर्दै तानसेन नगर कमिटी सहित सबै वडा कमिटीहरू विघटन गरेको छ । पार्टीका उम्मेदवार ठाकुर प्रसाद गैरे फागुन २१ गतेको निर्वाचनमा पराजय भएपछि समिक्षा गर्न बसेको पहिलो बैठकले एमाले नगर कमिटी सहित १४ वटै वडा कमिटी विघटन गरेको हो । बैठकले अहिलेकै अवस्थामा पार्टी पङ्क्तिलाई अगाडि बढाउन नसकिने भन्दै नगर र सबै वडा कमिटीहरू विघटन गरिएको जनाएको छ । नगर भित्रका १४ वटै वडामा एमालेका वडा कमिटी गठन गरिएका थिए । ती सबै कमिटी विघटन गरिएको विघटित कमिटिका नगर अध्यक्ष गुराँस आत्रेयले जानकारी दिए । उनले भने "अब कार्यकर्ताहरूको रोजाइ अनुसार चुस्त दुरूस्त र कामकाजी कमिटी गठन हुन्छन्,।" नगर र वडामा अर्को कमिटी गठन नहुँदासम्म भने अहिले विघटन गरिएका पुरानै कमिटीले काम गर्ने छन् । नयाँ कमिटी गठनका लागि जेठ ३ गते नगर कमिटी गठनका लागि अधिवेशन गर्ने निर्णय गरिएको छ भने तीन महिनाभित्र सबै वडा कमिटीहरूले अधिवेशन गर्ने निर्णय भएको आत्रेयले बताए । निर्वाचनको परिणाम सोचे अनुरूप नआएपछि मंगलबार बसेको समिक्षा बैठकले हालको संरचनाबाट पार्टीलाई गति दिन नसकिने निष्कर्ष निकाल्दै यस्तो कठोर कदम चालेको आत्रेयको भनाइ छ । नगरपालिकामा एमालेको हारको प्रतिक्रिया मात्र नभई माथिल्लो कमिटीहरुलाई पुनरसंरचनाको लागि दवाव सिर्जना गर्न आफ्नै अध्यक्षतामा भएको तानसेन नगर कमिटी विघटन गरिएको उनले बताए । अहिलेको केन्द्रीय नेतृत्व र कार्यशैली परिवर्तन




नभएसम्म पार्टी अगाडि बढ्न सक्दैन भन्ने हाम्रो निष्कर्ष हो, यो निर्णय जिल्ला र केन्द्रलाई दबाब दिनका लागि पनि लिइएको आत्रेयले प्रष्ट पारे ।समीक्षा बैठकमा सहभागी तानसेन नगर कमिटीका अधिकाश सदस्यहरुले सक्रिय राजनीति गर्ने उमेर हद कायम राखी पाका पुस्तालाई सल्लाहकार, युवा पुस्तालाई नेतृत्व दिएर पार्टी पुनरसंरचना गर्नुपर्नेमा जोड दिएका छन् । अब बन्ने कमिटीहरुमा युवा पुस्ताको नेतृत्व र बहुमत हुनुपर्नेमा सहभागीहरुले जोड दिए ।

**एमालेको नगरमा आधा भन्दा बढी मत घट्यो** २०७९ को निर्वाचनमा तानसेन नगरपालिकामा ९ हजार मत आएको थियो । अहिलेको निर्वाचनमा ७ हजार मतको आशा गरेपनि ३ हजार ८ सय मत एमालेलाई आएकोले पनि कमिटी पुनरसंरचनाको लागि पनि कमिटी भंग गरिएको आत्रेयको दावी छ ।एमाले केन्द्रिय सदस्य ठाकुर प्रसाद गैरेले पाल्पामा पार्टीको मत घट्नुमा जिल्ला तहको कमजोरी भन्दा पनि बदलिँदो राष्ट्रिय राजनीतिक माहोल र जनमतको बदलिँदो प्राथमिकतालाई मुख्य कारण रहेको बताए । पाल्पा क्षेत्र नं. २ का उम्मेदवार समेत रहेका गैरेले प्रतिकूल परिस्थितिमा पनि एक पटकको हारबाट जनता तथा कार्यकर्ताहरु निराश हुनु पर्दैन, जनताको सेवा गर्न सधैं पदमै हुनुपर्छ भन्ने छैन, निरन्तरको सेवाले फेरि जनताको मन र मत दुवै जित्न सकिने बताए ।नगर कमिटी ७० सदस्यीय रहेको छ । नगरका प्रत्येक वडा कमिटीमा ५० जना सम्म सक्रिय कार्यकर्ता छन् । यसरी १४ वटा वडामा मात्र ७०० जना र नगरका ७० जना गरी ७७० जना कार्यकर्ताहरु तानसेन नगर कमिटीमा आवद्ध छन् ।

## फरार प्रतिवादी पक्राउ



**पाल्पा,** फागुन ३/ बहुविवाह मुद्दाका फरार प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय पाल्पाले पक्राउ गरेको छ । जिल्ला अदालत पाल्पाबाट बहुविवाह सम्बन्धी कसूर मुद्दामा २०८० असार ३१ गते ११ महिना १० दिनको सजाय पाएका ढालबहादुर विकलाई प्रहरीले पक्राउ गरेको हो ।जिल्लाको रिब्दीकोट गाउँपालिका-८ का ३९ वर्षीय विकलाई खोजतलास गर्ने क्रममा जिल्लाबाट खटिएको प्रहरी टोलीले सोमबार दिउँसो तानसेन नगरपालिका वडा नं. ४ लहरेपिपलबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कुशल सिंह ठकुरीले जानकारी दिए । उनका अनुसार पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला अदालतमा पेश गरिएको छ ।

## अचार बिक्री गरेर मासिक २५ हजार बढी आम्दानी

**घोराही (दाङ),** चैत ३/लमही नगरपालिका-५ लमहीका आशारानी चौधरीको मुख्य पेसा अचार व्यवसाय हो । उनी अहिले अचार बिक्रीका लागि घोराहीमा जारी लुम्बिनी प्रदेशस्तरीय महोत्सवमा आएकी छन् । यही आफ्नो मुख्य पेसा भएका कारण जिल्लामा सञ्चालन हुने विभिन्न मेला महोत्सवमा जाने गरेको उनी बताउन्छिन् । आयआर्जनको राम्रो स्रोत भएका कारण अचार व्यवसायलाई विगत १३ वर्षदेखि निरन्तरता दिँदै आएको उनको भनाइ छ ।

उनले तामा, हरियो खुर्सानी, करेला, मेथी, आँपलगायतका अचार उत्पादन गरेर बिक्री गर्न व्यस्त छन् । अघिपछि भन्दा चाडपर्व र मेला, महोत्सवमा राम्रो बिक्री हुने उनले बताइन् । "सबैभन्दा आँपको अचार बिक्री हुन्छ", उनले भनिन्, "यस व्यसायबाट मासिक २५ हजार बढी आम्दानी गर्दै आएको छु ।" सुरुमा स्वान नेपाल भन्ने संस्थाबाट तालिम



लिएर व्यावसायिक रूपमा अचार बनाएर बिक्री गर्दै आएको आशारानी बताउन्छिन् । उनले भनिन्, "अचारअनुसार किलोलाई २५० देखि ५०० सम्म बिक्री गर्दै आएको छु", आफूले अचार उत्पादन गरेर बिक्री गर्ने र स्थानीय तहले महिलाका लागि सञ्चालन गरेको तालिममा प्रशिक्षक भएरसमेत जाने गरेको उनको अनुभव छ । धेरै महिलाले यससम्बन्धी तालिम लिए पनि उत्पादन गरेर बिक्री गर्न समस्या हुने उनी बताउन्छिन् । उमेरले ४० वर्ष पुगेकी उनलाई परिवारको राम्रो साथ मिलेको छ । उनी पूर्व मुक्तकम्लरीसमेत हुन् । आफ्नै व्यवसायमा जोडिएर आयआर्जन गर्न पाउँदा खुसी लागेको उनलेबताइन् । लाजाजुनी पूर्व मुक्तकम्लरी अचार उद्योगमार्फत सञ्चालन गरेको अचार व्यवसायका लागि आँप एक वर्षका लागि पहिले नै मौज्दात राख्ने गरेको उनी बताउन्छिन् । महिला उद्यमीको सीपलाई स्थानीय सरकारले पनि उत्पादित वस्तुको बजारीकरणका लागि पहल गर्न आवश्यक रहेको उनले बताइन् । अन्य महिलाले व्यावसायिक रूपमा अचार उद्योग सञ्चालन गर्ने मन भए पनि आर्थिक समस्याका कारण पछि पर्ने गरेको आशारानीको भनाई छ । महिलालाई आर्थिक रूपमा सशक्त बनाउन सीपमा जोड्न आवश्यक रहेको उनले बताइन् । आफ्नै गाउँघरमा उत्पादन भएको अचार प्रयोग गर्न आमनागरिकलाई उनको सुझाव छ । "हामीले कुनै केमिकल प्रयोग गर्दैनौं, हामीले उत्पादन गर्ने अचार राम्रो हुन्छ", उनले भनिन् । पछिल्लो समय मेला महोत्सवमा ग्राहकको मुख्य रोजाइ मिक्स अचार हुने गरेको छ । ---रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## पर्यटन बढाउनेतर्फ ध्यान देऊ

विदेशी पर्यटक भित्रिने मुख्य सिजन भर्खरै सुरु भएको छ । अबका तीन महिनालाई पर्यटन व्यावसायीले पर्यटनको मुख्य सिजन मान्छन् । पदयात्रा र साहसिक गतिविधिमा रमाउने गरि यो बेला पाहुना नेपाल आउन रुचाउँछन् । नेपाल आउन खोज्ने पाहुनाले महिनौं अघि होटल बुकिङ पनि गरिसकेका हुन्छन् । तर, योपटक भने बाह्य पर्यटकको चहलपहल भने खासै देख्न सकिएको छैन् । पर्यटक भित्रिने मुख्य सिजन भएपनि सुखद् नहुनुमा पाहुना आगमन सन्तोषजनक रुपमा बढ्न नसकेको व्यवसायीको गुनासो छ । कोभिड–१९ महामारीका कारण नराम्रोसँग धाराशयी बनेको पर्यटन क्षेत्र अहिले पनि राम्रोसँग उठ्न सकेको छैन । वि.स. २०७२ को विनाशकारी भूकम्पपछि विस्तारै बामे सर्दै गरेको पर्यटन क्षेत्रमा कोभिडले नराम्रोसँग असर गरेपछि पर्यटकीय सिजनमा समेत सुनसान जस्तै छ । पर्यटन क्षेत्रको विकासमार्फत नेपालको आर्थिक अवस्थामा आमूल परिवर्तन ल्याउन सकिने भए पनि त्यसको सुधारमा कसैको पनि ध्यान जान सकेको छैन । सिजनको समयमा जुन रुपमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमन बढ्नुपर्ने हो त्यसो हुन नसक्नु दुखद् हो । पर्यटकीय क्षेत्रमा चहलपहल नहुदा मुलुकको अर्थतन्त्र समेत शिथिल अवस्थामा पुगेको छ । हाल बैंकहरूमा पैसा थुप्रिएको छ । तापनि यहाँका उद्यमी व्यवसायीहरूले चाहे जति ऋण लिई विभिन्न व्यवसाय सञ्चालनबाट मुनाफा गरेर बैंकको ऋण तिर्ने अवस्था छैन् । फलतः यहाँको अर्थतन्त्र चलायमान हुन सकेको छैन् । आयातभन्दा निर्यात बढी घटेकोले अर्थतन्त्र सन्तोषजनक अवस्थामा छैन् । विगतमा जस्तै चालू खर्च बढे पनि पुँजीगत खर्च तथा राजस्व अपेक्षाअनुरूप बढाउन सकिएको छैन् ।

अहिलेको अवस्थामा स्थानीय, प्रदेश र संघीय सरकारले पर्यटन भिर्याउने दिशामा आवश्यक कदम चाल्नुपर्दछ । पर्यटन व्यवसायीको मनोवल बलियो बनाउन सरकारले साथ दिन्छ भन्ने विश्वास दिलाउनुपर्छ । सरकारले पर्यटन व्यवसायलाई सहयोग पुग्नेगरी पर्यटन व्यवसायी र नेपाल वायु सेवा निगमसँग समन्वय गरेर विशेष कार्यक्रम तर्जुमा गर्न अग्रसरता लिनुपर्छ । त्यतिमात्र गर्न सके पनि पर्यटन व्यवसायी उत्साहित हुनेछन् । तसर्थ पर्यटन व्यवसायीलाई उत्साहित बनाएर धेरै भन्दा धेरै पर्यटकहरु भिर्याउने दिशामा तीनै तहका सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

बित्दै गरेको समय, झर्दै गरेको पात र
बदलिदै गएको मान्छेले धेरै कुरा सिकाउदो रहेछ जिन्दगीमा ।
(शान्ता कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Karki)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# एक्लै तोडियो अहंकारको पर्खाल



**प्रा.देवीभक्त ढकाल**

*नेपालमा पनि दलहरूले जनताका छोराछोरी भन्दै आफ्ना नातागोता र दलालहरूलाई पोस्ने जुन अति गरे, त्यसले उनीहरूको दुर्गति भयो । नेपाली जनता भष्मेश्वरका भक्तजस्ता शान्त थिए तर जब धैर्यको बाँध टुट्यो, उनीहरूले रुद्रको रूप धारण गरेर मतपत्रमार्फत आफ्नो शक्ति देखाए । शीर्षकमा प्रकाशित विचारअन्तर्गत सतर्क गराएकै हो तर सुझावलाई बेवास्ता गर्दा अहिले अन्ततः सक्किए ।*

हालै सम्पन्न संसदीय निर्वाचनले प्रस्तुत शीर्षकलाई मार्मिक र समसामयिक बनायो । तसर्थ प्रस्तुत विषयमा गम्भीरतापूर्वक घोत्लनु लेखकीय धर्म हो । राष्ट्रिय स्वतन्त्र पार्टीको जित ज्यादतीको उपहार हो भन्ने विषयमा गम्भीर राजनीतिक विश्लेषणको कसीमा राखेर समीक्षा गर्न सकिन्छ । नेपाली राजनीतिको आकाशमा भर्खरै झुल्किएको राष्ट्रिय स्वतन्त्र पार्टीको उदय कुनै सामान्य राजनीतिक घटनामात्र होइन, यो दशकौंदेखि एमाले, माओवादी र कांग्रेसको नेतृत्व पंक्तिको भ्रष्टाचार, कुशासनरूपी ज्यादतीप्रति गुम्सिएको जनआक्रोशको एउटा भयानक विष्फोट हो । रास्वपाको उत्पत्तिको मुख्य कारण ओली, दाहाल र देउवा जस्ता त्रिमूर्तिहरूबाट भएको राज्यसत्ताको चरम दुरुपयोगको परिणाम हो । यसलाई कसैले रास्वपाको लोकप्रियताको संज्ञा दिन्छन् त कसैले रास्वपाप्रतिको लहरको तर गहिराइमा पुगेर हेर्दा, अहिले ओइरिएको मत रास्वपाको सिद्धान्तप्रतिको अगाध प्रेम वा लोकप्रियता र विश्वसनीयताभन्दा पनि स्थापित दलहरू एमाले, कांग्रेस र माओवादीको कुशासन, दण्डहीनता र चरम सत्तालिप्साविरुद्धको एउटा 'मौन विद्रोह' हो । यो जनमत ती पार्टीहरूका लागि एउटा कठोर ऐना हो, जसमा उनीहरूले आफ्नो कुरूप अनुहार सधैं देख्न सक्छन् । दशकौंदेखि सत्ताको आलोपालो हालिमुहाली गर्ने परम्परागत शक्तिको लज्जास्पद पतन र अहंकारको भष्मासुर अवतारको अन्त्यभन्दा पटक्कै अत्युक्ति हुँदैन । हिन्दु दर्शनमा एउटा कथा छ भष्मासुरको जसले आफ्नै टाउकोमा हात राखेर आफैंलाई खरानी बनायो । आजका ठूला दलहरूको अवस्था ठ्याक्कै त्यस्तै भयो । उनीहरूले पटक-पटक अवसर पाए तर कसैले पनि अवसरलाई सदुपयोग गरेनन् । बरू जतिसक्यो दुरुपयोगमै लागे । तसर्थ हालको निर्वाचन परिणामले यिनीहरू सत्ताबाटमात्रै होइन जनताको मनबाट टाढिएको प्रमाणित भयो । बीपी कोइरालाको प्रजातान्त्रिक समाजवाद, मदन भण्डारीको बहुदलीय जनवाद र प्रचण्डको नयाँ नेपाल हुँदै क्रमभंगताको नारालाई यिनीहरूले दशकौंदेखि केवल सत्तामा पुग्ने भऱ्याङ बनाए । जब जनताले अस्पतालमा सिटामोल पाउँदैनन् तर नेताहरूका मात्रै होइन उनका स्वकीय सचिवहरूको सम्पत्ति अस्वाभाविक रूपमा बढ्छ, तब जनताको फदयमा आगो बल्छ । देउवा, ओली र दाहाल यी तीन पात्रहरू नेपाली राजनीतिका यस्ता त्रिमूर्ति बने जसले पालैपालो सत्ता भोग गरे तर जनताको जीवनस्तरमा परिवर्तन ल्याउन असफल भए । जहाँ फूल फुल्नुपर्ने थियो त्यहाँ काँडाहरूको खेती गरियो । जहाँ सुगन्ध आउनुपर्ने थियो, त्यहाँ भ्रष्टाचारको दुर्गन्धले आकाश छायो । रास्वपाले पाएको मत कुनै गहन वैचारिक धरातलमा उभिएको मत होइन । यो त जलेको घरबाट निस्किएर ओत लाग्न खोजेको बटुवाको जस्तो अवस्था हो । जुन भेट्टायो त्यसैमा ओत लाग्यो । त्यो ओत लाग्ने पार्टी बन्यो राष्ट्रिय स्वतन्त्र पार्टी । त्यो ओत भरपर्दो छ कि छैन मतदातालाई अत्तोपत्तो छैन । जनताले उम्मेदवारलाई होइन घण्टीलाई मत दिए । उक्त पार्टीका लागि यो अविश्वसनीय उपलब्धि हो । जनताले नयाँ अनुहारलाई मत दिँदा यो सोचेनन् कि उनीहरूले के गर्छन्, बरु यो सोचे कि यी पुरानाले त केही गरेनन्, बरु नयाँलाई नै हेरौं । यो रास्वपाले प्राप्त गरेको जनमतभन्दा पनि यो ओली, दाहाल र देउवाहरूको ज्यादती र कार्यशैलीप्रतिको चरम आक्रोशको रास्वपालाई नेपाली जनताबाट प्राप्त उपहार हो । उनीहरूले आफ्नो गड भनिएका ठाउँमा लज्जास्पद हारभन्दा पनि जमानत जफत जस्तो पीडा व्यहोर्नुभनेको जनताले अहंकारको पर्खाललाई ढाल्नु हो । शास्त्रमा भनिएको छ, कुनै पनि कुराको अति भएपछि त्यसको विनाश निश्चित छ । रावणको अतिले लंका जल्यो, कंशको अतिले उसको साम्राज्य सकियो । नेपालमा पनि दलहरूले जनताका छोराछोरी भन्दै आफ्ना नातागोता र दलालहरूलाई पोस्ने जुन अति गरे, त्यसले उनीहरूको दुर्गति भयो । नेपाली जनता भष्मेश्वरका भक्तजस्ता शान्त थिए तर जब धैर्यको बाँध टुट्यो, उनीहरूले रुद्रको रूप धारण गरेर मतपत्रमार्फत आफ्नो शक्ति देखाए । यो पंक्तिकारले २०७९ साल मंसिर २७ को हिमालय टाइम्समा नेताहरू समक्ष अन्तिम विकल्प : सच्चिने कि सक्किने ? शीर्षकमा प्रकाशित विचारअन्तर्गत सतर्क गराएकै हो तर सुझावलाई बेवास्ता गर्दा अहिले अन्ततः सक्किए । ठूला दलहरूका लागि यो निर्वाचनले एउटा गम्भीर झड्का दियो । विश्लेषणले नेपाली राजनीतिको एउटा कठोर र नग्न सत्यलाई उजागर गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीको उदयलाई केवल एउटा पार्टीको जितभन्दा पनि स्थापित दलहरूको नैतिक पराजयका रूपमा हेर्नु बढी तर्कसंगत देखिन्छ । लोकतन्त्रमा कहिलेकाहिँ जनताले राम्रो छान्नका लागि होइन, नराम्रोलाई दण्ड दिनका लागि मतदान गर्छन् । रास्वपाले पाएको मत धेरै हदसम्म अस्वीकृत मत हो । जनताले एमाले, कांग्रेस र माओवादीका शीर्ष नेताहरूको अनुहारमा नो नट अगेनको गाला चड्काउनु थियो । त्यो काम जनताले २०८२ को संसदीय निर्वाचनमार्फत सम्पन्न गरे । अहिलेको अपार जनमत रास्वपाको घण्टीप्रतिको मोह भएरभन्दा पनि पुराना दलहरूको ज्यादतीलाई दण्डित गर्न जनमत केन्द्रीकृत भयो । पुराना दलहरूसँग ठूला-ठूला सिद्धान्तका ठेली छन् कसैको समाजवाद, कसैको साम्यवाद तर जनताले सिद्धान्त खाएर अघाउने अवस्था रहेन । पासपोर्ट बनाउन लाइन बस्नुपर्ने, मल नपाउने र बेरोजगारीले खाडी पस्नुपर्ने बाध्यताबीच पुराना दलका क्रान्तिकारी गफ सुन्दा जनतालाई उपहास जस्तो लाग्यो । रास्वपाले कुनै जटिल दर्शन नभई चुस्तदुरुस्त सेवा प्रवाहको कुरा गऱ्यो, जुन आमनागरिकको पहिलो आवश्यकता हो । काठमाडौंका मेयर बालेन शहर सफाइ र ढल व्यवस्थापन जस्तो सामान्य कामले लोकप्रिय भए । यस्तै सामान्य विषयले गर्दा जनताले रास्वपालाई एउटा अस्त्रको रूपमा प्रयोग गरे । रास्वपाका लागि पुरस्कार र पुराना दलका लागि सचेत गराउने थप्पड हो । कुनै पनि वस्तुको अत्यधिक दबाबपछि विष्फोट हुन्छ, त्यो विष्फोट २०८२ को संसदीय निर्वाचनमा देखियो । खडेरीले सुकेको वनमा एउटा सानो सलाईको काँटीले डढेलो लगाउनसक्छ । रास्वपा त्यही सलाईको काँटी बन्यो जसले दशकौंको कुशासनले बनाएको सुक्खा झ्याङमा आगो लगाइदियो । इतिहास साक्षी छ, जब दलहरू जनताको नाडी छाम्नुको सट्टा आफ्नै सत्ताको मादमा मस्त हुन्छन् तब उनीहरूको पतन अपरिहार्य हुन्छ । २०४७ सालपछिको कांग्रेस र एमालेको दबदबालाई माओवादीले चुनौती दिएको थियो, आज रास्वपाले ती तिनै पार्टीहरूलाई चुनौती दिएको छ । यदि कांग्रेस, एमाले जस्ता पार्टीहरूले अल्पकालीन लोकप्रियताको लहरमात्र हो भोलि साम्य हुन्छ भनेर नजरअन्दाज गरे भने त्यो अन्तिम भूल हुनेछ । २०८२ को संसदीय निर्वाचनमा प्राप्त मत रास्वपाका लागि काँचो वायुजस्तै हो, यसलाई सम्हाल्न सके उनीहरू टिक्छन्, नसके यो लहर फेरि उनीहरूकै विरुद्धमा मोडिन्छ । अबको राजनीति भाषणले होइन, सुशासनले मात्र चल्छ भन्ने सन्देश निर्वाचनले दिएको छ । निर्वाचनको परिणामले नेपाली राजनीतिको एउटा कठोर मनोवैज्ञानिक' पाटोलाई स्पर्श गरेको छ । रास्वपाले प्राप्त गरेको मतलाई आक्रोशको मत वा विकल्पको खोजीका रूपमा व्याख्या गर्नु सबैभन्दा सटिक राजनीतिक विश्लेषण हो ।

पुराना दलहरूलाई जनताले एउटा यस्तो घर मानेका थिए जसले सुरक्षा र भविष्य दिन्छ तर जब त्यो घर भ्रष्टाचार, नातावाद र सत्तालिप्साको डढेलोले जल्यो तब जनता त्यस घरबाट ज्यान जोगाउन बाहिर निस्किए । रास्वपा एउटा मजबुत महल भएर जनता त्यहाँ गएका होइनन्, पुरानो घर खरानी हुनलागेपछि ओत लाग्न भेटिएको नजिकैको पाटीजस्तो भयो । यो वैचारिक आकर्षणभन्दा विपद्पछिको शरण हो । सिद्धान्तभन्दा पनि जनताले असन्तुष्टिको भारी रास्वपामा बिसाए । राजनीतिक दलको उदयका लागि निश्चित दर्शन चाहिन्छ तर रास्वपाको हकमा जनताले नयाँ भुलक्कड समाजवाद वा उदारवाद के हो सोधेनन् । उनीहरूले केवल देउवाको अकर्मण्यता, ओलीको दम्भ र प्रचण्डको अस्थिरताविरुद्ध एउटा हतियार खोजे । नयाँ अनुहारलाई मत दिँदा उनीहरूको क्षमताभन्दा नयाँपनलाई पत्याए । यिनहरूले त बिगारे, नयाँले केही नयाँ आशलाग्दो केही गर्छन् कि ? भन्ने झिनो आशा र ठूलो आक्रोशको सम्मिश्रण जनमतरूपी उपहार हो । यो उपहारमा प्रेमभन्दा बढी सर्त जोडिएका छन् । यदि रास्वपाले पनि त्यही पुरानो शैली दोहोऱ्यायो भने आक्रोशको ज्वालामुखीले उसलाई भष्म पार्न बेर लाग्दैन । कांग्रेस, एमाले र माओवादीले आफूलाई इतिहासको निर्माता त भने, तर भविष्यको संवाहक बन्न सकेनन् । जब सामान्य नागरिकले आफ्नो दैनिकी महँगी, बेरोजगारी, भ्रष्टाचारमा यी दलहरूको कुनै भूमिका देखेनन् तब मौन विद्रोह गरे । रास्वपाको उदय हुनुभनेको पुराना दलहरू नैतिक रूपमा टाट पल्टिनुको हो । यदि उनीहरूले यसलाई लहरमात्र हो, केही समयमा साम्य हुन्छ भनेर नजरअन्दाज गरे भने राजनीतिक आत्महत्या हुनेछ । रास्वपाले पाएको मतले के प्रमाणित गर्छ भने जनता अब झण्डाको होइन, एजेण्डा र परिणामको पछि लाग्नेछन् । रास्वपाले पाएको जनमत विरासतविरुद्धको विद्रोह हो । नेपाली राजनीतिमा एउटा नयाँ मानक स्थापित गरिदिएको छ, काम नगर्नेलाई नामको आधारमा मात्र अब छुट दिइने छैन । भोटको संख्याले सत्ताको कुर्सीमा पुऱ्याउँछ तर इतिहासमा नाम लेखाउन प्रत्येक दिनको इमानदार कर्म चाहिन्छ । जनता अब आश्वासनको पुल होइन सुशासनको ठोस बाटो हिँड्न चाहन्छन् । यो ज्यादतीको उपहार फेरि ज्यादती गर्न होइन ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लव नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रेटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०२५ | न्यु एकता क्लव तानसेन : ०७५-५२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६० | परिवार नियोजन संघ पाल्पा : ९८४७०२०७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टेइन्टी:९८४७०२२४७,९८५७०६४७०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मेहनतले राम्रो उपलब्धि दिलाउनेछ। आर्थिक क्षेत्रमा सावधानी अपनाउनुहोस्। | **तुला** : सामाजिक क्षेत्रमा मानसम्मान बढ्नेछ। योजनाहरू पूरा गर्ने समय छ। |
| **वृष** : व्यवसायमा सुधार आउनेछ। परिवार सँग राम्रो समय बिताउने अवसर मिल्नेछ। | **वृश्चिक** : करियरमा परिवर्तन वा नँया अवसर मिल्नेछ। खानपिनमा ध्यान दिनुहोस्। |
| **मिथुन** : अध्ययनमा प्रगति हुनेछ। समस्या दर्शाउँदा साथीभाइहरूको सहयोग मिल्नेछ। | **धनु** : विशेष व्यक्तिसँग भेटघाट हुने योग छ।चिन्ताहरूबाट मुक्ति मिल्नेछ। |
| **कर्कट** : पारिवारिक जिम्मेवारी बढ्नेछ। शुभचिन्तकहरूको सहयोग लिनुहोस्। | **मकर** : कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ। कमी कमजोरीलाई सुधार्ने समय रहेको छ। |
| **सिंह** : व्यवसायमा लाभ रहनेछ भने प्रेम सम्बन्धमा सकारात्मक परिणाम मिल्नेछ। | **कुम्भ** : व्यापारमा सफलता मिल्नेछ। सृजनात्मक काममा प्रगति हुनेछ। |
| **कन्या** : आर्थिक अवस्थामा बिस्तारै सुधार हुनेछ।उत्साहपूर्ण वा यात्रा रमाइलो रहनेछ। | **मीन** : उद्योग व्यापारमा फाइदा हुनेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। |

कला मनोरञ्जन

# सांसद्मा देखिने ३ सेलिब्रेटी बालेन, अनुष्का र रिमा



कीर्तिपुरस्थित लेब्रोटरी स्कुलको घाँसे मैदानमा पाल टाँगेर 'मिस नेपाल २०१९' आयोजना गरिएको थियो । प्रतियोगिताको निर्णायकमध्ये एक थिइन पूर्वनिर्वाचन आयुक्त इला शर्मा ।उपाधिको नजिक पुगेका चार प्रतिस्पर्धीलाई इलाले प्रश्न सोधेकी थिइन्, 'यदि हामीले अधिकारभन्दा कर्तव्यलाई बढी ध्यान दियौँ भने संसार अझ राम्रो बन्न सक्छ भन्ने कुरा कत्तिको सही हो ?' अन्तिम चार प्रतिस्पर्धीमा अनुष्का श्रेष्ठ, रिया बस्नेत, प्रदिप्ता अधिकारी र मीरा कक्षपति थिए । चारैजनाले आ-आफ्नो धारणा व्यक्त गरे । अनुष्काको उत्तर थियो- अधिकार र जिम्मेवारी एउटै सिक्काका दुई पाटा हुन् । यदि हामीले आफ्ना जिम्मेवारी पूरा गर्‍यौं भने संसार आफैं सुन्दर बन्न सक्छ ।' यही स्पष्ट र तार्किक उत्तरपछि अनुष्का 'मिस नेपाल वर्ल्ड २०१९' घोषित भइन् । मिस नेपाल जितेकी अनुष्का अहिले नीति निर्माण गर्ने देशको सर्वोच्च थलो प्रतिनिधिसभाकी सदस्य बनेकी छन् । अर्थात्, मिस नेपालबाट सांसद बन्ने पहिलो विजेताका रूपमा उनको नाम जोडिएको छ । 'ब्रेन विथ ब्युटी' अवधारणामा विश्वास गर्ने अनुष्काले फाइनल चरणमा उत्तर दिँदा सायद सोचेकी थिइनन जीवनको कुनै मोडमा पुगेर आफूले भनेजस्तै अधिकार र जिम्मेवारीको सन्तुलन मिलाउनु पर्ने भूमिकामा पुगिन्छ भनेर । अहिले उनी सांसदका रूपमा त्यही जिम्मेवारी निर्वाह गर्ने ठाउँमा पुगेकी छन् । उनको दल राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत आदिवासी जनजाति महिला क्लस्टरबाट उनलाई प्रतिनिधिसभाका लागि सिफारिस गरेको छ । अनुष्काले विश्व सुन्दरी प्रतियोगितामा 'ब्युटी विथ पर्पस' र 'मल्टिमिडिया' अवार्ड जितेकी थिइन् । त्यसपछि उनको परिचय सफल महिला उद्यमीका रूपमा पनि स्थापित भयो । स्वदेशी उत्पादनलाई प्रवर्धन गर्ने काममा सक्रिय अनुष्का दक्षिण एसियाका उत्कृष्ट १० महिला उद्यमीमध्ये एक घोषित भएकी थिइन् । सन् २०२० मा उनले स्थापना गरेको डेजर्ट चकलेट ब्रान्ड 'माकुसी' ले उनलाई यो उपलब्धि दिलाएको थियो । 'इन द क्याप' म्यागजिनले तयार पारेको सूचीमा उनी तेस्रो स्थानमा थिइन् । यसबाहेक उनी काठमाडौं महानगरपालिकाको सल्लाहकारका रूपमा स्वयंसेवी भूमिकामा पनि काम गरिसकेकी छन् । अनुष्काले अनलाइनखबरसँग खुसी साट्दै संसदमा आफू मुख्यत: दुई विषयमा केन्द्रित भएर काम गर्न चाहेको बताइन् । पहिलो, स्वदेशी उत्पादन र नेपाली ब्रान्डलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने प्रयास । दोस्रो, महिला अधिकार र सशक्तीकरणका क्षेत्रमा काम । उनले भनिन्, 'मिस नेपाल मेरो लागि एउटा माध्यम थियो । त्यतिबेलादेखि नै म स्वदेशी उत्पादनलाई लिएर उत्साहित थिएँ । त्यसपछि माकुसी ब्रान्ड स्थापना गरेँ । अब युवा महिला नीति-निर्माताको रूपमा काम गर्नेछु । नेता भनेको जनताको प्रतिबिम्ब हुनुपर्छ ।' अस्ट्रेलियाबाट अध्ययन सकेर नेपाल फर्किएकी अनुष्का धेरै युवाका लागि स्वदेशमै केही गर्न सकिन्छ भन्ने प्रेरणाको स्रोत पनि बनेकी छन् । उनी रनवे मोडलका रूपमा विभिन्न फेसन शोमा शो-स्टपरका रूपमा पनि देखिएकी छन् ।

हक्की रीमाको संसद् यात्रा सञ्चारकर्मबाट करिअर सुरु गरेकी रीमा विश्वकर्मालाई राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत दलित महिला क्लस्टरबाट प्रतिनिधिसभाको सांसदको रुपमा सिफारिस गरेको छ । बर्दियाको गुलरियाकी रीमाले कक्षा ७ मा पढ्दा नै नेपाली टेलिश्रृंखला 'जाँदाजाँदै' सञ्चालन गरेकी थिइन् । त्यसपछि उनले विभिन्न टेलिभिजन च्यानलमा सञ्चारकर्मीका रूपमा काम गरिन् । रीमा सञ्चारकर्मी मात्र होइनन्, उनी अभिनेत्री, मोडल र टेलिभिजन कार्यक्रम प्रस्तोता पनि हुन् । राजनीतिमा आउनुअघि उनले गायन रियालिटी शो 'नेपाल आइडल' पनि सञ्चालन गरेकी थिइन् । सुरूमा उनी कुलमान घिसिङ नेतृत्वको दल उज्यालो नेपाल पार्टीबाट समानुपातिक उम्मेदवार थिइन् । उक्त पार्टी रास्वपामा एकीकृत भयो तर १२ दिनमै फेरि छुट्टियो । उज्यालो नेपाल छुट्टिएर गए पनि उनी रास्वपामै बसिन् । राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवारका रूपमा सक्रिय भइन् र प्रचारप्रसारमा पनि देखिइन् । सन् २०११ मा 'स्वर' फिल्मबाट अभिनय यात्रा सुरु गरेकी रीमाले त्यसपछि 'दश घण्टा', 'भिसा गर्ल', 'ऋतु', 'इस्केप', 'भाले फाइट', 'बाटो मुनिको फूल २', 'मिस्टर नेपाली' र 'हिजोआजका कुरा' जस्ता फिल्ममा अभिनय गरिसकेकी छन् । उनी सामाजिक र राजनीतिक विषयमा खुलेर बोल्ने कलाकारका रूपमा चिनिन्छिन् । समसामयिक राजनीति र सामाजिक मुद्दामा उनले सामाजिक सञ्जालमार्फत धारणा राख्दै आएकी थिइन् । हक्की स्वभावकी रीमा पछिल्लो समय टेलिभिजन कार्यक्रमहरूमा बढी सक्रिय थिइन् । रीमा, प्रकाश र अनुष्काबाहेक रास्वपाले गायिका सत्यकला राई, टिभी होस्ट आसिफ शाह, गायिका त्रिशला गुरुङलाई पनि उठाएको थियो । समानुपातिक उम्मेदवारको अन्तिम सूचीमा यी तीन अटाएनन् ।

# सकियो फिल्म 'कार्की साइँला'को छायाङ्कन



राजेन्द्र बस्नेतको निर्देशन रहेको फिल्म 'कार्की साइँला'को छायाङ्कन सकिएको छ । सुटिङ सुरु भएको २१ औँ दिनमा फिल्मको सम्पूर्ण छायाङ्कन सकिएको निर्माण पक्षले जानकारी दियो । निर्देशक बस्नेतका अनुसार धनकुटाबाट छायाङ्कन सुरु गरिएको फिल्म सुनसरीको चतरा र बराहक्षेत्र आसपासका क्षेत्रमा खिचिएको छ । फिल्ममा अभिनेता जितु नेपाल र अभिनेत्री प्रियना आचार्य (मुन्नी) को मुख्य भूमिका छ । यो फिल्ममा जितु र प्रियनाको पहिलो अभिनयमा सहकार्य हो । साथै फिल्ममा सुशील पोखरेल, वीरेन्द्र सिंह कुशहुवा, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बु, रोदा राई, कमल देवकोटा लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । कर्णबहादुर फिल्मस् प्रालिको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता बालकुमार राई हुन् भने कृष्ण भगत चाम्लिङले फिल्म प्रस्तुत गरेका छन् । फिल्मलाई डम्बर राईले खिचेका हुन्, भने मुख्य सहायक निर्देशकको जिम्मेवारी रोजल थापाले निभाएका छन् । यस्तै फिल्ममा किरण दाहालको द्वन्द्व निर्देशन, दिप्सन लिम्बुको संगीत र सिबी भण्डारीको प्रोडक्सन व्यवस्थापन रहेको छ । *-रातोपाटी डटकम*

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
**डिभिजन वन कार्यालय**
तानसेन, पाल्पा

**Resunga Municipality**
**Office Of The Municipal Executive**
**Tamghas, Gulmi**

# Invitation for Online Bids

**First Date of Publication: 17th Mar 2026(2082-12-03)**

**1.**Resunga Municipality has allocated funds towards the cost Construction of Infrastructures and intends to apply part of the funds to cover eligible pay ments under the following Contracts.
**2.**Bidding is open to all eligible bidders, Office of Resunga Municipality, Gulmi invites electronic bids from eligible bidders for the works under Na tional Competitive Bidding.
**3.**Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Resunga Municipality, Gulmi, Nepal or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**
**4.**Bidder should download the bidding documents from PPMO's e-GP sys tem **www.bolpatra.gov.np/egp and submit through e-GP** system upon payment of a non-refundable fee of NRs. 3000.0 NRs. Till or **16th Apr.2026(2083-01-03))**12:00 hours. Bidder should deposit the cost of bidding document in the Rajaswa account as specified below:-

***Information to deposit the cost of bidding document in Bank:***
**Name of Bank: Rastriya Banijya Bank, Gulmi**
**Name of Office: Office of Municipal Executive, Resunga Municipality, Tamghas, Gulmi;**
**Cost of Bidding Document = NRs. 3000.00**
**Resunga Na. Pa.(Ga-1-1) Aantarik Rajaswa Account no.: 3010100301010002** (For Bid Docu.Fee)
Rajaswa Shirshak No:14229
Resunga Na. Pa. ( GA-3) Dharauti Account no.: 3010100303000002 (For Dharauti)

**5.**Pre-bid meeting shall be held at Office of Resunga Municipality, Gulmi at ***7th Apr 2026(2082-12-24)***11:00 hours.
**6.**Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or 16th Apr.2026(2083-01-03))12:00 hours Bids received after this deadline will be rejected.
**7.**The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 16th Apr.2026(2083-01-03) 13:00 hours at the Office of Resunga Municipality, Gulmi. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting as shown in Table below which shall be valid for 30 days beyond the validity period of the bid. i.e. 120 days
**8.**If the last date of purchasing and /or submission falls on a government holi day, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as speci fied for the original last date of bid submission.
**9.**The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| S.N | Contract ID | Description of Works | Estimated amount ( with VAT&PS) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1. | ORM-NCB-GUL-W-40-082/83 | Gauka dharakot Tallapokhara Road Maintenance Works Resunga Municipality-03, Gulmi | 1748298.55 | 50000.00 |
| 2. | ORM-NCB-GUL-W-41-082/83 | Siddahababa Mavi British Welfare Road Maintenance Works Resunga Municipality-08, Gulmi | 970583.35 | 28000.00 |
| 3. | ORM-NCB-GUL-W-42-082/83 | Chadrakot Tole Road Maintenance Works Resunga Municipality-08, Gulmi | 775871.08 | 22500.00 |
| 4. | ORM-NCB-GUL-W-43-082/83 | Swamikarukh Thama Road Maintenance Works Resunga Municipality-06, Gulmi | 485167.98 | 14000.00 |
| 5. | ORM-NCB-GUL-W-44-082/83 | Ward Karyalay-2, Dhagithum Road Maintenance Works Resunga Municipality-02, Gulmi | 485035.00 | 14000.00 |

**Chief Administrative Officer**

# गौतमबुद्ध विमानस्थल नियमित सञ्चालनमा ल्याउन माग



**सिद्धार्थनगर (भैरहवा),**चैत ३/गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई तत्काल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन रूपन्देहीका उद्योगी-व्यवसायीले माग गरेका छन् ।

रूपन्देहीको भैरहवास्थित उक्त विमानस्थल निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन । पर्यटन क्षेत्रमा झण्डै एक खर्बभन्दा बढी लगानी भइसकेको भए पनि अपेक्षित परिणाम नआउँदा लगानी जोखिममा पर्ने अवस्था सिर्जना भएको पर्यटन व्यवसायी अमित गुप्ताले बताए । लुम्बिनी, देवदह, रामग्राम, तिलौराकोट तथा रोहिणी नदी आसपासका क्षेत्र ऐतिहासिक, धार्मिक र बौद्ध सभ्यतासँग जोडिएका महत्वपूर्ण गन्तव्य हुन् । ती क्षेत्रको प्रवर्द्धनमा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको भए पनि पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी पहल हुन नसक्दा यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुन सकेको छैन् । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले अब गठन हुने नयाँ सरकारले पर्यटन प्रवर्द्धन र विमानस्थल सञ्चालनमा प्रभावकारी भूमिका खेल्ने विश्वास निजी क्षेत्रले लिएको बताए । उनले यो क्षेत्र बौद्ध सभ्यता, इतिहास र धार्मिक पर्यटनको केन्द्रका रूपमा विकसित हुनसक्ने उल्लेख गर्दै गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आए पर्यटन प्रवर्द्धन मात्र होइन समग्र आर्थिक गतिविधिमा परिवर्तन आउने विश्वास व्यक्त गरे । नेपाल भन्सार एजेन्ट सै भैरहवाका अध्यक्ष मधुप्रसाद पन्थीले रूपन्देही नेपालकै महत्वपूर्ण औद्योगिक क्षेत्र भएकाले यहाँ उत्पादन हुने वस्तुलाई अन्तरराष्ट्रिय बजारसम्म पुऱ्याउन आवश्यक पूर्वाधार र वातावरण सिर्जना गर्न नयाँ सरकारले विशेष ध्यान दिनुपर्ने बताए । भैरहवा औद्योगिक करिडोरमा उत्पादन हुने वस्तुको निर्यात विस्तार गर्न सके उद्योग क्षेत्र थप सशक्त बन्ने उनले बताए । विमानस्थल सञ्चालन र नाका व्यवस्थापन प्रभावकारी भए अन्तरराष्ट्रिय व्यापार विस्तारमा सहयोग पुग्ने उनको धारणा रहेको छ । निजी क्षेत्रका प्रतिनिधिका अनुसार स्थिर सरकार गठन भएपछि लगानीमैत्री वातावरण निर्माण, पर्यटन प्रवर्द्धन, उद्योग विस्तार तथा पूर्वाधार विकासमा सरकारले ठोस् पहल गर्ने अपेक्षा गरिएको छ । उनीहरूले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा आए लुम्बिनी क्षेत्रको पर्यटन विकाससँगै रूपन्देहीको उद्योग-व्यापारमा पनि ऊर्जा थपिने विश्वास व्यक्त गरे । विमानस्थल सञ्चालन भएपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुने विश्वास गरिएको छ । ----*रासस*

खेलकुद समाचार

## बङ्लादेशले जित्यो एकदिवसीय शृङ्खला



**काठमाडौं,** चैत ३/चैत २, २०८२ पाकिस्तानसँगको तीन खेलको एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खला बङ्गलादेशले जितेको छ । ढाकामा हिजो भएको तेस्रो तथा अन्तिम खेलमा पाकिस्तानलाई ११ रनले हराउँदै बङ्गलादेशले २-१ ले शृङ्खला जितेको हो । बङ्गलादेशले दिएको २९१ रनको लक्ष्य पछ्याएको पाकिस्तानले ५० ओभरमा सबै विकेट गुमाएर २७९ मात्र बनाउन सक्यो । पाकिस्तानका सलमान अली आगाले ९८ बलमा १०६ रन बनाए पनि जीतका लागि पर्याप्त भएन । बङ्गलादेशका तास्किन अहमदले ४ विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङ गरेको बङ्गलादेशले ५० ओभरमा ५ विकेट गुमाएर २९० रन बनाएको थियो । बङ्गलादेशका तन्जिद हसन तमिमले १०७ रन बनाए । पाकिस्तानका हरिस रउफले ३ विकेट लिए । शृङ्खलाको पहिलो खेल बङ्गलादेशले ८ विकेटले जितेको थियो भने दोस्रो खेलमा पाकिस्तान डकवर्थ लुइस नियमका आधारमा १२८ रनले विजयी भएको थियो । बङ्गलादेशले ११ वर्षपछि पाकिस्तानसँगको एकदिवसीय शृङ्खला जितेको हो । यसअघि सन् २०१५ मा पाकिस्तानसँगको तीन खेलको एकदिवसीय शृङ्खलामा बङ्गलादेशले क्लिन स्वीप गरेको थियो ।

अर्थ/कर्पोरेट समाचार

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो




**पाल्पा,** चैत ३/नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य वद्धि गरेको छ । अन्तरराष्ट्रिय बजारमा भएको मूल्य वृद्धि तथा आपूर्ति व्यवस्थापनको दबाबलाई कारण देखाउँदै नेपाल आयल निगमले पेट्रोल, डिजेल तथा मट्टीतेलको खुद्रा बिक्री मूल्य वृद्धि गरेको हो ।

अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धि अनुसार इण्डियन आयल कर्पोरेशनबाट मूल्य बढेर आएको निगमले जनाएको छ । यद्यपि कर्पोरेशनले पठाएको दर कायम नगरी बिक्री गर्दा केहि रकम मूल्य स्थिरीकरण कोषबाट व्यहोर्ने गरी मूल्य तोकिएको छ । निगमका अनुसार नयाँ मूल्य आइतबारदेखि लागू हुने गरी समायोजन गरिएको छ । मूल्य समायोजनपछि पेट्रोलमा प्रतिलिटर रु ३१, डिजेलमा प्रतिलिटर रु ५४ तथा खाना पकाउने एलपि ग्यासमा रु २१६ वृद्धि गरिएको छ । सो मूल्य वृद्धि भएसँगै अब पेट्रोल प्रतिलिटर रु १८८, डिजेल रु १९६ र एलपि ग्यास प्रति सिलिन्डर रु दुई हजार एक सय २६ रुपैयाँ कायम भएको छ । अन्तरराष्ट्रिय बजारमा बढेको मूल्यका आधारमा उक्त कम्पनीबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार नेपालमा मूल्य समायोजन गर्नुपरेको निगमले जनाएको छ ।

अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक मूल्य वृद्धिका कारण मूल्य कम हुनासाथ तत्काल मूल्य घटाउने रणनीति लिनेसमेत निगमले जनाएको छ । हालको मूल्य वृद्धिपश्चात पनि निगमलाई १५ दिनमा ३ अर्ब ९३ करोड रुपैयाँ घाटा हुनेसमेत निगमले जनाएको छ ।


## हार्दिक समवेदना

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो ।।



जन्म २००७/०५/१० मृत्यु २०८२/११/२८

**स्व. 'प्रभु' गोविन्द भक्त पौड्याल (खत्री)**

निजी तथा आवसीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका सचिव एवम्, पाल्पा प्यारागन इंङ्गलिस बोर्डिङ्ग स्कूलका प्रिन्सिपल, शैक्षिक, सामाजिक व्यक्तित्व गंगा बहादुर खत्री तथा हाम्रा शुभेच्छुकहरु कमल खत्री, मनबहादुर खत्री, बसन्त खत्री, मिना टण्डन, गोमा कार्की, शिव थापा, ईश्वरा गौतम केसीका पूजनीय पिता, कृष्ण टण्डन, केशव कार्की, मदन थापा, कमल गौतम केसी, मिना खत्री, सिता खत्री, शर्मीला खत्री, सुजना खत्रीका ससुरा बुवा, अर्जुन, समर्पण, संरक्षण, श्रीकृष्ण, गरिमा, कास्वी खत्रीका हजुरबुवा तथा प्रेम कुमारी खत्रीका पूजनीय पति 'प्रभु' गोविन्द भक्त पौड्याल खत्रीको मिति २०८२/११/२८ गतेका दिन ७६ वर्षको उमेरमा भएको दुःखद् निधनले हामी अत्यन्तै मर्माहित एवम् स्तब्ध भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनि गहिरो समवेदना प्रकट गर्दछौं ।

डाँसुराम पन्त, अध्यक्ष — एवम् — दुर्गा प्रसाद बस्याल, कोषाध्यक्ष

**निजी तथा आवसीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन), तानसेन, पाल्पा परिवार**



**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।**

- -खानेपानीका स्रोतको संरक्षण गरौं,
- -पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- -धारा खुला छोड्ने बानी त्यागौं,
- -उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- -नदी, ताल, पोखरीको संरक्षण गरौं,
- -प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- -जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- -पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई